# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर :

करार नियुक्ति सम्बन्धी सूचना
(मिति २०८२/०७/१७)
ने.सं. ११४६ कछलाथ्व १३, सोमवार

यस मालारानी गाउँपालिका, अर्घाखाँचीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको कर्मचारी दरवन्दी तेरिज अनुसार रिक्त रहेका विभिन्न सेवा, समूह, तह र पदमा पदपूर्तिको लागि श्री प्रदेश लोकसेवा आयोग लुम्विनी प्रदेश, बुटवलमा माग आकृति फारम पठाईएको भएतापनी माग गरिए बमोजिम कर्मचारी नियुक्ति हुन समय लाग्ने देखिएको र तत्कालको लागि कर्मचारी अभावका कारण सेवा प्रभावित भएको हुँदा लुम्विनी प्रदेश लोकसेवा आयोगमा यस कार्यालयबाट प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह, वरिष्ठ प्रशासन सहायक र प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, चौथो तह, प्रशासन सहायक पदमा बैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुको सूची उपलब्ध गराईदिनुहुन अनुरोध गरिएकोमा श्री प्रदेश लोकसेवा आयोग लुम्विनी प्रदेश बुटवल (अन्तर्वार्ता तथा सिफारिस शाखा) को च.नं. १७३, मिति २०८२/०६/२१ को पत्र मार्फत माग गरिए बमोजिमको बैकल्पिक तथा अस्थायी सूची उपलब्ध गराईएकोमा आ.व. २०८१/०८२ मा विज्ञापन भएका प्रदेश प्रशासन सेवा अन्तर्गत सा.प्र. समूह, वरिष्ठ प्रशासन सहायक, पाँचौ तह र प्रदेश प्रशासन सेवा, सा.प्र. समूह, प्रशासन सहायक, चौथो तह पदहरुमा बैकल्पिक र अस्थायी योग्यताक्रम सूचीमा रहेका र यस मालारानी गाउँपालिका, अर्घाखाँचीमा सेवा करारमा कामकाज गर्न ईच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस मालारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मिति भित्र रितपूर्वक निवेदन दिने उम्मेदवारहरु मध्येबाट प्रदेश लोकसेवा आयोगको योग्यता क्रमलाई आधार मानि रिक्त भएको उल्लेखित पदहरुमा सेवा करार गरी कामकाजमा लगाईने व्यहोरा जानकारी गराईन्छ।

<u>निवेदन साथ संलग्न गर्नुपर्ने कामकाजहरु</u>

१. निवेदन (विज्ञापन नं., आफ्नो योग्यता क्रम र मोवाइल नं अनिवार्य उल्लेख गर्ने)
२. सम्बन्धित विज्ञापनको प्रवेश पत्रको प्रतिलिपि
३. शैक्षिक योग्यता प्रमाण पत्र

२०८२/०७/१७
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नोट: उल्लेखित उम्मेदवारहरुले निवेदन तथा अन्य कागजातहरु PDF Format मा फाईल बनाई यस मालारानी गाउँपालिका, अर्घाखाँचीको ईमेल-malaraniruralmun@gmail.com मा तोकिएको समय भित्र पठाउनु पर्नेछ । निवेदन दर्ताको लागि कुनै शुल्क नलाग्ने व्यहोरा समेत अनुरोध छ ।